३. **समितिको गठन:** (१) अस्पतालको संचालन तथा व्यवस्थापनको लागिदेहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ।

(क) गाउँपालिका अध्यक्ष वा नीजले तोकेको कार्यपालिकाको सदस्य- अध्यक्ष

(ख) गाउँपालिकाभित्र वसोवास गर्ने स्वास्थ्य क्षेत्रमा कम्तिमा ५ बर्ष कार्य अनुभव भएको (प्रतिष्ठित समाजसेवी) मध्येवाट कार्यपालिकाले तोकेको व्यक्तिउपाध्यक्ष -

(ग) सामाजिक विकास समिति संयोजक सदस्य-

(घ) अस्पताल रहेको वडाको वडा अध्यक्ष सदस्य-

(ङ) गाउँ कार्यपालिकाका महिला सदस्य मध्ये कम्तिमा एक दलित महिला सदस्य सहित दुई जना- सदस्य

(च) महिला स्वयंसेविका मध्येवाट कार्यपालिकाले तोकेको एक जना सदस्य-

(छ) अस्पतालको नर्सिङ इन्चार्ज- सदस्य

(ज) स्थानीय उद्योग व्यापार संघको अध्यक्ष वा प्रतिनिधि सदस्य-

(झ) स्वास्थ्य शाखा प्रमुख सदस्य-

(ञ) मेडिकल सुपरिटेण्डेन्ट वा अस्पताल प्रमुख सदस्य सचिव -

(२) समितिले आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रका विषय विज्ञ, इन्जिनियर जनप्रतिनिधि तथा कर्मचारीलाई वैठकमा आमन्त्रित गर्न सक्नेछ।

(३) समितिले अवश्यकता अनुसार समाजसेवी मध्येबाट बढिमा ३ जनालाइ अमान्त्रित सदस्यमा मनोनित गर्न सक्नेछ ।

दरबन्दी व्यवस्थापन गरि यशोधरा आधारभुत अस्पताल संचालन गर्ने छ ।

**तपसिल**

| क.स. | पद | तह | सेवा | समुह | दरबन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | व.क.।क.मेडिकल जनरलिष्ट | ९।१० | स्वास्थ्य | मेडिकल जनरलिष्ट | १ |
| २ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | ज.हे.स. | २ |
| ३ | स्टाफ नर्स | ५।६।७ | स्वास्थ्य | ज.न. | ६ |
| ४ | हे.अ. | ५।६।७ | स्वास्थ्य | हे.इ. | ४ |
| ५ | कविराज ( आयुर्बेद सहायक) | ५।६।७ | स्वास्थ्य | आयुर्बेद | १ |
| ६ | ल्या टे | ५।६।७ | स्वास्थ्य | मे ल्या टे | १ |
| ७ | रेडियोग्राफर | ५।६।७ | स्वास्थ्य | रेडियोग्राफी | १ |
| ८ | फर्मेसी सहायक | ५।६।७ | स्वास्थ्य | फर्मेसी | १ |
| ९ | डेन्टल हाइजनिष्ट | ४।५।६ | स्वास्थ्य | डेन्टिष्टि | १ |
| १० | एनेस्थेसिया सहायक | ५।६।७ | स्वास्थ्य | विविध | १ |
| ११ | अप्थल्मिक सहायक | ४।५।६ | स्वास्थ्य | विविध | १ |
| १२ | नायब सुब्बा | रा प्र अ प्र | प्रशासन | स प्रशासन | १ |
| १३ | कार्यालय सहयोगी | श्रेणी बिहिन | प्रशासन | स प्रशासन | ६ |
| १४ | सरसफाईकर्मी | श्रेणी बिहिन | प्रशासन | स प्रशासन | ३ |
| | जम्मा | | | | ३० |

१४. **अभ्यासकर्ता सम्वन्धी व्यवस्थाः** अस्पतालमा स्वास्थ्य सेवा प्रवाह नियमित र प्रभावकारी बनाउन थप जनशक्ति आवश्यक भएमा नेपाल सरकारको छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थी तथा न्यूनत्तम शैक्षिक योग्यता पुगि सम्वन्धित परिषदमा दर्ता भएका साथै अध्ययनरत विद्यार्थिहरुलाई अस्पतालले प्रचलित कानून बमोजिम अभ्यासकर्ताको रुपमा नियमानुसार काममा लगाउन सक्नेछ ।

